## मुड्केचुला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:२०७८ | संख्या:३१ | मिति:२०७८/०५/१८

भाग-४

## मुड्केचुला गाउँपालिका

प्रमाणिकरण मिति : २०७८।५।१८


# मुड्केचुला गाउँपालिकाको कर्मचारीको तह तथा स्तरबृद्धि सम्वन्धमा ब्यवस्था गर्ने ऐन,२०७८

**प्रस्तावना** :

नेपालको संविधान २०७२ र स्थानीय सरकार संचालन ऐन,२०७४ को ब्यवस्थालाई समेत मध्ये नजर गरी साविक स्थानीय निकायमा स्थायीरुपमा कार्यरत रही मुड्केचुला गाउँपालिकामा समायोजित कर्मचारीको तह तथा स्तरबृद्धि सम्वन्धमा आबश्यक कानूनी ब्यवस्था गर्न बाञ्छनीय भएकाले मुड्केचुला गाउँपालिकाको दशौं गाउँसभाबाट यो विधयेक अनुमोदन गरीएको छ ।

## परिच्छेद -१

### प्रारम्भिक

**(१)संक्षिप्त नाम र प्रारम्भ :-**(१)यो ऐनको नाम "कर्मचारीको तह तथा स्तरबृद्धि सम्वन्धि ऐन २०७८ रहेको छ ।"

(२)यो ऐनको प्रारम्भ स्थानीय राजपत्रमा प्रकाशन भएको मितिले लागु हुने छ ।

**(२)परिभाषा :-**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क)" गाउँपालिका" भन्नाले मुड्केचुला गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यालय"भन्दा नगरपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दले वडा समितिको कार्यालय समेतलाई जनाउदछ ।

(ग) "अध्यक्ष"भन्नाले मुड्केचुला गाउँपालिकाको गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(घ) "उपाध्यक्ष"भन्नाले मुड्केचुला गाउँपालिकाको गाउँ उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ)"प्रमुख प्रशासकिय अधिकृत"भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

(च)"स्थायी पद "भन्नाले नगरपालिकाको नगरसभाबाट स्वीकृत दरबन्दीका पदलाई सम्झनु पर्दछ ।

(छ) "प्रहरी" भन्नाले मुड्केचुला गाउँपालिकाबाट नियुक्त गाउँ प्रहरी र वारुणयन्त्रका कर्मचारीलाई सम्झनु पर्दछ ।

(ज)"कार्यपालिका"भन्नाले मुड्केचुला गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(झ)"गाउँ सभा"भन्नाले मुड्केचुला गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

(ञ)“कर्मचारी” भन्नाले साबिक स्थानीय निकाय (जि.वि.स.)मा स्थायी नियुक्ति पाई कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारी सम्झनु पर्दछ ।

(ट)“तोकिएको ” वा “तोकिए बमोजिम” भन्नाले गाउँपालिकाको कार्यपालिकाले यस ऐन बमोजिम बनाएको नियमावली ,कार्यविधि,निर्देशिका एवं समय समयमा कार्यपालिकाले निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ठ)“ तह तथा स्तरबृद्धि” भन्नाले साबिक स्थानीय निकाय (गा.वि.स,न.पा. र जि.वि.स.)मा स्थायी नियुक्ति पाई कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको तह तथा स्तर वृद्धि सम्झनु पर्दछ ।

## परिच्छेद -२

### तह तथा स्तर बृद्धि सम्बन्धमा

**(३)तह तथा स्तर वृद्धि सम्वन्धि विशेष व्यवस्था :-**(१)यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कर्मचारी समायोजन ऐन २०७५ अनुसार तह तथा स्तरवृद्धि नपाएका साविक स्थानीय निकाय(गा.वि.स,न.पा.र जि.वि.स.)मा नियुक्ति पाई स्थायी कर्मचारीको रुपमा कार्यरत रही यो ऐन प्रारम्भ हुँदाको बखत देहाय अनुसारको सेवा अवधि,शैक्षिक योग्यता पुरा गरेका र विभागीय कारवाहीमा नपरेका मुड्केचुला गाउँपालिकामा स्थायी रुपमा कार्यरत कर्मचारीहरुलाई यो ऐन जारी भए पछि देहाय बमोजिम तह तथा स्तर वृद्धि सम्वन्धि विशेष व्यवस्था गरी एक तह माथिको पदमा तह तथा स्तरवृद्धि गरीने छ ।

(क)सहायकस्तर प्रथम तह देखि चतुर्थ स्तर सम्मका (कार्यालय सहयोगी)हाल बहाल रहेका स्तरमा ३वर्ष सेवा अवधि पुरा गरेका कर्मचारीलाई माथिल्लो स्तरमा स्तर वृद्धि गरिने छ ।

(ख)सहायकस्तर चौथो तहमा चार वर्ष वा सो भन्दा वढी अवधि काम गरेका र शैक्षिक योग्यता एस.एल.सी वा सो सरहको परीक्षा उत्तिर्ण गरेका कर्मचारीहरुलाई पाचौं तहमा तह बृद्धि गरीने छ ।

(ग)सहायकस्तर पाँचौं चार वर्ष वा सो भन्दा वढी अवधि काम गरेका र प्रविणता प्रमाण पत्र तह वा सो सरहको शैक्षिक योग्यता भएका कर्मचारीलाई अधिकृत छैठौं तहमा तह बृद्धि गरीने छ ।

(घ)अधिकृत स्तर छैठौं तहमा चार वर्ष वा सो भन्दा बढी काम गरेका र स्नातक तह वा सो सरहको शैक्षिक योग्यता भएका कर्मचारीलाई अधिकृत स्तर सातौं तहमा तहबृद्धि गरीने छ ।

(ङ) अधिकृत स्तर सातौं तहमा चार वर्ष वा सो भन्दा बढी काम गरेका र स्नातकोत्तर तह वा सो सरहको शैक्षिक योग्यता भएका कर्मचारीलाई अधिकृत स्तर आठौं तहमा तहबृद्धि गरीने छ ।

(च) अधिकृत स्तर आठौं तहमा चार वर्ष वा सो भन्दा बढी काम गरेका र स्नातकोत्तर तह वा सो सरहको शैक्षिक योग्यता भएका कर्मचारीलाई अधिकृत स्तर नबौं तहमा तहबृद्धि गरीने छ ।

(छ) अधिकृत स्तर नबौं तहमा चार वर्ष वा सो भन्दा बढी काम गरेका र स्नातकोत्तर तह वा सो सरहको शैक्षिक योग्यता भएका कर्मचारीलाई अधिकृत स्तर दशौं तहमा तहबृद्धि गरीने छ ।

(२)दफा १ मा जुन सुकै कुरा लेखिएको भएता पनि यो ऐन प्रारम्भ हुनु भन्दा अघि कुनै तहमा लगातार ५ वर्ष वा सो भन्दा वढी समय कार्यरत कर्मचारीको हकमा हाल कार्यरत तह भन्दा एक तह मुनिको पदको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता भए पछिल्लो ३ वर्ष कार्यरत सेवाका आधारमा स्वतः एक तह वृद्धि गरीने छ ,

३)अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि साविक न.पा.मा स्थायी नियुक्ति पाई ५ वर्ष भन्दा वढि अविछिन्न रुपमा कार्यरत नगर प्रहरी तथा बारुणयन्त्र तर्फका कर्मचारीको पछिल्लो ३ वर्षको सेबाका आधारमा एक पटकका लागि तह वृद्धि गरिने छ ।

(४) यो ऐन प्रारम्भ भए पछि यस ऐन बमोजिमको तह तथा स्तरवृद्धिको प्रकृयालाई दफा चार बमोजिमको समितिले तह बृद्धि सम्वन्धि कार्य प्रकृया तन्काल अगाडी बढाउने छ ।

(५)सेवा अवधिको गणना गर्दा यस ऐन बमोजिम तह तथा स्तरवृद्धिको लागि आबेदन माग गर्न सूचना प्रकासित भएको दिनलाई मानिने छ ।

(६)यस ऐन बमोजिम हुने तह तथा स्तरवृद्धिको लागि आबेदन निबेदन दिई दर्ता गराउनका लागि तिन दिनको म्याद दिई मुड्केचुला गाउँपालिकाको कार्यालयबाट सूचना प्रकाशित गरीने छ ।

(७)उप दफा ६ बमोजिम प्राप्त हुन आएका निबेदन मागि छानविन गरी ७ दिन भित्र तह तथा स्तरबृद्धि गरी पदस्थापन गर्नु पर्ने छ ।

## परिच्छेद -३

**तह तथा स्तरवृद्धि सम्वन्धि ब्यवस्था**

**(४)तह बृद्धिकालागि समिति गठन सम्वन्धि ब्यवस्था :-**(१)यस ऐन बमोजिम कर्मचारीको तहबृद्धि र स्तरबृद्धि गर्न देहाय बमोजिमको एक समिति रहनेछ ।

| | |
|---|---|
| क)प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| ख) प्रमुखले तोकेको अधिकृत स्तरको कर्मचारी एक जना | सदस्य |
| ग)प्रशासन शाखाको प्रमुख | सदस्य सचिव |

**(५)जेष्ठता निर्धारण आधार :-**(१)तह तथा स्तरवृद्धि भएको कर्मचारीहरुको जेष्ठता निर्धारण गर्दा तह वा स्तरवृद्धि भएको तह भन्दा अघिल्लो तहमा नियुक्ति वा बढुवा पाउदा कायम भएको जेष्ठतालाई नै जेष्ठता निर्धारणको आधार मानिने छ ।

**(६)पदस्थापन सम्वन्धि व्यवस्था :-**यस ऐन बमोजिम तह तथा स्तरवृद्धि भएका कर्मचारीहरुको मिल्दो सेवा समूहको पदमा प्रमुख प्रशासकिय अधिकृत बाट पदस्थापन गर्नु पर्ने छ ।

**(७)हालको पद तथा सेवामा कार्यरत कर्मचारीहरुले समान पद तथा सेवा परिवर्तन गर्न चाहेमा मिल्दो पद तथा सेवा परिवर्तन गरी पदस्थापन गरीने छ ।**

**(८)खारेजी तथा बचाउ :-**यस भन्दा अगाबै कर्मचारी समायोजन ऐन २०७५ अनुसार समायोजन भएका अन्य सेवाका कर्मचारीहरु यसै ऐन बमोजिम भए गरेका मानिने छ ।

आज्ञाले
तिर्थराज महतारा
नि.प्रमुख प्रशासकिय अधिकृत

**मुद्रक : भुसाल अफसेट प्रेस प्रा.लि. नेपालगंज, सम्पर्क नं. ९८५१२१८१४८**